# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

### प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा २४४ को प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशले आ.व. २०८२/०८३ मा सम्पादन गरेका कामकारबाहीको सातौँ वार्षिक प्रतिवेदन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) को व्यवस्था बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश गरेको छ।




प्रस्तुत प्रतिवेदनमा उम्मेदवार छनोट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण, विभिन्न निकाय वा तहलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय प्रस्ताव गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायतका विषयवस्तु समावेश गरिएका छन्।

आयोगको कामकारबाही सम्बन्धमा स्थापित सिद्धान्त मूल्य र मान्यताहरू अवलम्बन गरी योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिता जस्ता मूल्य मान्यतालाई आत्मसात गर्दै समान अवसर, द्विअन्ध, परिचयशून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तलाई आयोगले कार्य सम्पादनको मूल आधारको रूपमा ग्रहण गरेको छ। यी कार्यसम्पादनका लागि आयोगमा ३६ दरवन्दी रहने गरी संगठन संरचना स्वीकृत भएको छ।

प्रतिवेदन अवधिमा आयोगबाट परीक्षा शुल्क लगायतबाट कुल रु. ८ करोड ४० लाख १४ हजार ३ सय ७४ रुपैयाँ ५० पैसा राजश्व संकलन भएको छ, जुन आ.व. २०८१/०८२ भन्दा १५.८६% ले कम हो। आयोगको वित्तीय प्रगति आ.व. २०८१/०८२ को ९५.४२% बाट वृद्धि भई प्रतिवेदन अवधिमा ९६.२३% पुगेको छ। सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरुजु २६ लाख ४ हजार ६ सय ३१ रुपैयाँ ४० पैसा एवं यस आर्थिक वर्षको असूल उपर गर्नुपर्ने २४ हजार ९ सय २६ रुपैयाँ बेरूजु रहेको छ।

आयोगको काम कारवाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगको आफ्नो वेबसाइट (psc.koshi.gov.np), इ-मेल (koshipsc@gmail.com), दरखास्त संकलनका लागि अनलाइन प्रणाली (psconline.p1.gov.np) प्रयोगमा रहेको छ। विद्युतीय प्रणालीमा आधारित सफ्टवेयर लगायतको सहयोगबाट सूचना प्रविधिमैत्री हुने गरी कार्यसम्पादनको व्यवस्था मिलाइएको छ। आयोगले सूचना प्रविधिलाई व्यापक रूपमा अवलम्बन गर्दै अनलाइन दरखास्त प्रणाली (PPSRMS), प्राप्ताङ्क हेर्ने प्रणाली (result.psc.koshi.gov.np), OMR उत्तरपुस्तिका स्क्यानिङ,

र परीक्षा केन्द्र/कर्मचारी व्यवस्थापन सफ्टवेयर (ECMS) सञ्चालनमा ल्याएको छ। साथै GIOMS, RMIS, PAMS, e-attendance र Bulk SMS सेवा पूर्ण रूपमा कार्यान्वयनमा रहेका छन्।

आयोगले प्रदेश तथा स्थानीय तहमा रिक्त रहेका पदहरूमा पदपूर्ति गर्न सार्वजनिक प्रशासनका स्वच्छता, निष्पक्षता, पारदर्शिता, समावेशिता, प्रतिस्पर्धा जस्ता मूल्य मान्यता र सिद्धान्त अवलम्बन गर्दै सम्मानित अदालत समक्ष केही विज्ञापनका सन्दर्भमा परेका रिट निवेदनको अन्तिम टुङ्गो लाग्न बाँकी रहेका विज्ञापन बाहेक विगत तथा यस आ.व. २०८२/०८३ का विज्ञापनहरू मध्ये यस आर्थिक वर्षसम्मका सहायकस्तर पाँचौं तहसम्मका विज्ञापनमा उम्मेदवार सिफारिस गर्ने कार्य सम्पन्न भएको छ। सहायकस्तर चौथो तहको विभिन्न विज्ञापनहरूको परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षणका कार्य सम्पन्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने चरणमा पुगेको छ।

आयोगद्वारा उपयुक्त उम्मेदवार छनोटका लागि अधिकृत नवौं तहका लागि इन-बास्केट अभ्यास (In-Basket Exercise) तथा आ.व. २०८३/०८४ देखि प्राविधिक नवौं तहका पदका लागि मामिला प्रस्तुतीकरण (Case Presentation) सम्बन्धित पाठ्यक्रममा समावेश गरिएको छ। सहायकस्तर चौथो देखि अधिकृतस्तर सातौँ तहसम्मका अप्राविधिक पदहरूमा कम्प्युटर सीप परीक्षण (Computer Skill Test) पाठ्यक्रममा समावेश भएकोमा आगामी आ.व. देखिका विज्ञापनमा प्राविधिक पदहरूमा समेत कम्प्युटर सीप परीक्षण परीक्षालाई समावेश गरिएको छ। आ.व. २०८२/०८३ मा नवौँ तहका २८ वटा र चौथो तहका १४ वटा गरी कुल ४२ वटा पाठ्यक्रम निर्माण/परिमार्जन गरिएका छन्। हालसम्म आयोगको स्वीकृत संयुक्त तथा सेवागत गरी कुल १०६ वटा पाठ्यक्रमहरू प्रयोगमा रहेका छन् ।

आयोगको आ.व. २०८२/०८३ को वार्षिक कार्यतालिका बमोजिम स्थानीय सरकारी सेवाका विभिन्न सेवा तर्फ माग भई आएका पद संख्याहरूको प्रतिशत निर्धारण गरिएका कुल ९८९ पद मध्ये खुला तथा समावेशी तर्फ ८५२ पदका लागि विज्ञापन प्रकाशन गरिएको छ भने बढुवा तर्फ १३७ पदको लागि बढुवा सूचना प्रकाशन भएको छ। स्थानीय सरकारी सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फ कुल ८५२ पद संख्याको लागि विज्ञापन भएका मध्ये खुलातर्फ ४९९, आदिवासी जनजातितर्फ १३४, महिलातर्फ १२५, दलिततर्फ २२, थारुतर्फ २४, मधेशीतर्फ १८, मुस्लिमतर्फ १७ र अपाङ्गतर्फ १३ पद संख्या रहेको छ।

प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापनमा कुल १,०१,८०९ उम्मेदवारहरूले आवेदन दिएकोमा ९९.४५% उम्मेदवारको दरखास्त स्वीकृत भएको छ। दरखास्त स्वीकृत भएका उम्मेदवार मध्ये ४७.३९% महिला र ५२.६१% पुरुष रहेका छन्। प्रदेशगत रूपमा कोशी (३६.८१%), मधेश (२९.५३%), कर्णाली (१२.७८%), सुदूरपश्चिम (९.११%), लुम्बिनी (६.६३%), बागमती (३.५०%) र गण्डकी (१.६३%) बाट दरखास्त प्राप्त भएको देखिएको छ। जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी र सबैभन्दा कम दरखास्त क्रमशः सप्तरी (७.०९%) र मुस्ताङ (०.०१%) जिल्लाबाट पेश भएको देखिन्छ।

आयोगबाट लिइएको प्रथम चरणको लिखित परीक्षामा औसतमा ६२.१७% र द्वितीय चरणको लिखित परीक्षामा औसतमा ६७.६२% उम्मेदवारहरू सहभागी भएका थिए। आर्थिक वर्ष २०८२/०८३ मा प्रथम तथा द्वितीय चरणको लिखित परीक्षाबाट ३५,२१९ जना उम्मेदवारहरू छनोट भई लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको छ। प्रतिवेदन अवधिमा परीक्षामा अनियमितता गर्ने ४ जना परीक्षार्थीको उत्तरपुस्तिका रद्द गर्ने गरी कारबाही गरिएको छ।

प्रतिवेदन अवधिमा लिखित परीक्षा सञ्चालनका लागि ४०८ सेट कच्चा प्रश्नपत्र निर्माण गरी नियमानुसार परिमार्जित ३५० थान प्रश्न पत्र सेट तयार गरिएकोमा १४० थान प्रश्नपत्र सेट प्रयोग भई २१० सेट प्रश्नपत्र बाँकी रहेको छ जुन आगामी आर्थिक बर्षमा कच्चा प्रश्नपत्र सेटको रुपमा प्रयोग गरिन्छ।

प्रतिवेदन अवधिमा कुल १,२७० माग पदका लागि १,२६१ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस गरिएका छन्। विभिन्न सेवाका ९ वटा पदमा भने सिफारिस गर्ने उम्मेदवार नभएका कारण सिफारिस हुन सकेको छैन।

यस अवधिमा शुरु नियुक्ति भएका पद रिक्त भई माग भइआएका विभिन्न तहका पदहरूमा ९८ जना वैकल्पिक उम्मेदवारहरूलाई समेत सिफारिस गरिएको छ। कुल सिफारिस भएका १,२६१ जनामध्ये समावेशी समूहतर्फ ५१५ जना मध्ये आदिवासी जनजाति २१२, महिला १७८, दलित ५१, थारु २९, मधेसी १८, मुस्लिम १६, अपाङ्ग ११ जना सिफारिस भएका छन्। खुला तथा अन्य सबै समूह मिलाएर कुल ५५७ जना महिलाहरू (४४.१७%) सिफारिस भएका छन्। विगत आ.व.का विज्ञापित पदमा यस आ.व.मा उम्मेदवारहरू सिफारिस हुन सक्ने हुँदा विज्ञापित पद भन्दा बढी सिफारिस भएको देखिएको हो।

प्रदेश लोक सेवा आयोगले आफ्नो कामकारबाही सञ्चालनका क्रममा देखा परेका विषयवस्तुलाई समेटी प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता विषयवस्तु ध्यानाकर्षण तथा सुझावका रूपमा प्रस्तुत गर्ने गरेको छ। यस प्रतिवेदनमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावली तत्काल जारी गरी कानुनी स्पष्टता ल्याउनुपर्ने, संघीय निजामती सेवा तथा सम्मानित अदालतबाट भएका निर्देशनात्मक आदेश बमोजिम प्रचलित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा ऐन परिमार्जन गर्ने, प्रदेश र स्थानीय तहका सबै पदहरूको O&M सर्भे गरी प्रदेश किताबखानामा अद्यावधिक दर्ता सम्पन्न गर्नुपर्ने, समान तह प्रतिस्पर्धामा कानूनी स्पष्टता गर्नु पर्ने, आयोगको कामकारवाही गोप्य, अति संवेदनशील तथा विशिष्टीकृत प्रकृतिको हुने भएकोले आयोगमा कार्यरत कर्मचारीको सरुवा गर्नुपर्दा वा आयोगको दरबन्दीमा सरुवा गर्दा आयोगको सहमतिमा हुने व्यवस्था मिलाउने, आयोगको आफ्नै कार्यालय भवन निर्माणका लागि उपयुक्त जग्गा उपलब्ध गराउने, संघीय तथा आयोगबाट प्रतिवेदन मार्फत सिफारिस गरेका ध्यानाकर्षण तथा सुझावहरूलाई गम्भीरतापूर्वक लिई निजामती सेवा जारी हुना साथ प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा ऐनलाई तत्काल सो ऐन अनुकूल बनाई जारी गर्नुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ।

नेपालको संविधान तथा कानूनले निर्धारण गरेको आयोगको काम, कर्तव्य र अधिकारलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन तथा संगठनात्मक सुदृढीकरण गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति सहित कार्यान्वयनमा ल्याइएको आयोगको रणनीतिक योजना आ.व. २०७९/०८० (आ.व. २०८०/०८१-२०८५/०८६ सम्म लागू हुने) मा उल्लेख भएका व्यवस्था बमोजिम प्रतिवेदन अवधिमा वार्षिक कार्यतालिका तथा बजेट मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिएको छ। आयोगको आफ्नै जग्गा र भवन निर्माण, अनुगमन तथा निरीक्षण, इ-लाइब्रेरी लगायतका विषयका अतिरिक्त रणनीतिक योजनाका अधिकांश अपेक्षित नतिजाहरु प्राप्त गर्ने तर्फ आयोग अग्रसर रहेको छ। आयोगको कामकारबाही सम्बन्धी महत्वपूर्ण विषयमा नीतिगत रूपमा आयोगमा पेश भई आयोगको निर्णयानुसार कार्यान्वयन गर्ने गरिएको छ। आयोगबाट निर्णय भएका त्यस्ता विषयहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ।

आयोगलाई विपक्षी बनाई हालसम्म कुल ६६ वटा मुद्दाहरू दायर भएका छन् (मुख्यतया बढुवा, तहवृद्धि, समान तहमा प्रतिस्पर्धा, शैक्षिक योग्यता र कुलिङ पिरियड सम्बन्धी)। तीमध्ये ५६ वटा मुद्दा फैसला भइसकेका छन् भने १० वटा मुद्दाहरू विचाराधीन अवस्थामा रहेका छन्। कानूनी तथा प्राविधिक रूपमा कार्यान्वयन गर्न कठिनाई देखिएका सम्मानित उच्च अदालतबाट भएका पाँच वटा फैसलाहरू उपर सम्मानित सर्वोच्च अदालतमा आयोगले मुद्दा दोहोर्‍याई पाउन दिएका निवेदनमा अनुमति प्राप्त भई विचाराधीन रहेका छन्।

मितिः २०८३/४/२९

(ऋषि कुमार खनाल)
प्रवक्ता